# नेपाल राजपत्र
## भाग ३
श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, ज्येष्ठ २१ गते २०२५ साल [ संख्या ८


श्री ५ को सरकार

गृह पंचायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको "नेपाल नागरिकता नियमावली, २०२५" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ–

### नेपाल नागरिकता नियमावली, २०२५

नेपाल नागरिकता ऐन, २०२० (संशोधन सहित) को दफा १६ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल नागरिकता नियमावली, २०२५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

"ऐन" भन्नाले नेपाल नागरिकता ऐन, २०२० (संशोधन सहित) लाई सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

902

३. नेपाली नागरिकलाई प्रमाणपत्र दिने:– (१) नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा स्थानीय जिल्ला पञ्चायतको सभापति वा नगर पञ्चायतको प्रधानपञ्च वा श्री ५ को सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतको सिफारिससाथ स्थानीय अञ्चलाधीश समक्ष अनुसूची १ बमोजिमको ढाँचामा रू. १।– को टिकट टाँसी आवेदनपत्र दिनु पर्छ ।

(२) उप-नियम (१) बमोजिमको आवेदनपत्र प्राप्त भएपछि सम्बन्धित अधिकारीले आवश्यक भए जाँचबुझ गरी आवेदक नेपालको नागरिक हो भन्ने देखेमा निजलाई अनुसूची २ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।

४. विदेशमा जन्मेको नाबालकको रजिष्ट्रेशन:– (१) नेपाल बाहिर जन्मेको नेपालको नागरिकको कुनै नाबालक सन्तानलाई ऐनको दफा ३ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नेपालको नागरिकमा नाम रजिष्ट्रेशन गराई पाउँ भनी त्यस्तो नाबालकको आमा, बाबु वा संरक्षकले सो नाबालकको जन्म भएको एक वर्षभित्र सम्बन्धित शाही नेपाली राजदूतावास वा शाही नेपाली राजदूतावास नभएको वा टाढा भएकोमा शाही वाणिज्य दूतावास भए सो वाणिज्य दूतावास वा नाबालकको बाबुको स्थायी बसोवास भएको वा रहेको अञ्चलको अञ्चलाधीशको कार्यालयमा अनुसूची ३ बमोजिमको ढाँचामा रू. १।– को टिकट टाँसी आवेदनपत्र दिनु पर्छ ।

(२) उप-नियम (१) बमोजिम आवेदनपत्र प्राप्त भएपछि सम्बन्धित अधिकारीले आवश्यक भए जाँचबुझ गरी अनुसूची ४ बमोजिमको ढाँचाको नेपाली नागरिकको दर्ता कितावमा नाबालकको नाम रजिष्ट्रेशन गरी आवेदकलाई अनुसूची ५ बमोजिमको ढाँचामा रजिष्ट्रेशनको प्रमाणपत्र दिनु पर्छ ।

(३) उप-नियम (२) बमोजिम रजिष्ट्रेशन भएको पूरा विवरण ६,६ महीनामा शाही नेपाली राजदूतावास वा शाही वाणिज्य दूतावासले परराष्ट्र मन्त्रालय मार्फत् र अञ्चलाधीशले सोझै गृहपञ्चायत मन्त्रालयमा पठाउनु पर्छ ।

५. अंगीकृत नेपाली नागरिकताको प्राप्ति:– (१) नाबालक वा बोलाएको व्यक्ति बाहेक अरू कसैले अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा स्थानीय जिल्ला पञ्चायतको सभापति वा नगर पञ्चायतको प्रधानपञ्च वा श्री ५ को सरकारको बाहालवाला राज पत्राङ्कित अधिकृतको सिफारिशसाथ स्थानीय अञ्चलाधीश मार्फत् श्री ५ को सरकार छेउ अनुसूची ६ बमोजिमको ढाँचामा रू. १ को टिकट टाँसी आवेदनपत्र दिनु पर्छ ।

(२) उप-नियम (१) बमोजिम आवेदनपत्र प्राप्त भएपछि सम्बन्धित अञ्चलाधीशले आवश्यक सबै जाँचबुझ गरी आवेदकले ऐनको दफा ६ बमोजिमको शर्त वा अवस्थाहरू पूरा गरेको छ छैन र आवेदकलाई अंगीकृत नागरिकता प्रदानगर्न उपयुक्त छ छैन बारे आफ्नो मन्तव्य समेत खुलाई श्री ५ को सरकारमा पेश गर्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (२) बमोजिम भई आवेदनपत्र पेश भएपछि श्री ५ को सरकारले आवश्यक भए थप जाँचबुझ गरी गराई आवेदकले ऐनको दफा ६ को शर्त वा अवस्था पूरा गरेको र निजलाई नेपालको अंगीकृत नागरिकता प्रदान गर्न उपयुक्त देखेमा प्रदान गरी अनुसूची ७ बमोजिमको प्रमाणपत्र दिन सक्नेछ ।

६. नेपाली नागरिकताको परित्यागः– (१) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न चाहेमा त्यस्तो व्यक्तिले नेपाल अधिराज्यभित्र बसेको भए स्थानीय अञ्चलाधीश समक्ष र विदेशमा भए सम्बन्धित शाही नेपाली राजदूत वा शाही नेपाली राजदूत नभएको वा टाढा भएकोमा शाही महावाणिज्यदूत वा वाणिज्यदूत भए सो वाणिज्यदूत समक्ष वा श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयको सचिव समक्ष अनुसूची ८ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम सूचना प्राप्त भएपछि सम्बन्धित अधिकारीले त्यस्तो सूचना अनुसूची ९ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गराउने छ र त्यसरी दर्ता भएपछि नेपाली नागरिकता परित्याग गर्न सूचना दिने व्यक्तिको नेपाली नागरिकता समाप्त हुनेछ ।

(३) उप-नियम (२) बमोजिम सूचना दर्ता भएको ७ दिनभित्र पूरा विवरण खोली शाही नेपाली राजदूत वा वाणिज्यदूतले परराष्ट्र मन्त्रालय मार्फत् र अञ्चलाधीशले सोझै श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयमा जाहेर गर्नु पर्छ ।

७ नागरिकता रोज्नु पर्नेः– (१) ऐन प्रारम्भ हुन अघि प्रचलित नेपाल कानून बमोजिम नेपालको नागरिकता प्राप्त भएका तर जन्म र वंशजको नाताले अरू कुनै विदेशी मुलुकको पनि साथै नागरिक भएको वा हुन सक्ने गैरनेपाली नागरिक बाबुबाट जन्मेका व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र पाइसकेको नभए २०२५ साल फाल्गुण १५ गतेभित्र नेपाली नागरिकता रोजी स्थानीय अञ्चलाधीश समक्ष अनुसूची १ बमोजिमको ढाँचामा रू. १ को टिकट टाँसी स्थानीय जिल्ला पञ्चायतको सभापति वा नगर पञ्चायतको प्रधान-पञ्च वा श्री ५ को सरकारको राजपत्राङ्कित अधिकृतको शिफारिससाथ आवेदनपत्र दिनु पर्छ ।

(२) उप-नियम (१) बमोजिमको आवेदन प्राप्त भएपछि सम्बन्धित अधिकारीले आवश्यक जाँचबुझ गरी आवेदक नेपालको नागरिक हो भन्ने देखेमा निजलाई अनुसूची २ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।

८. विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ छैन भन्ने निर्णय गर्ने अधिकारीः– नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन वा कहिले र कसरी प्राप्त गरेको छ भन्ने प्रश्न उठेमा स्थानीय अञ्चलाधीशले प्रचलित कानून बमोजिम जाँचबुझ गरी सो कुराको निर्णय गर्नेछ।

९. खारेजीः– नेपाली नागरिकता नियमहरू, २०२२ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची—१

(नियम ३ को उप-नियम (१) संग सम्बन्धित)

श्री अञ्चलाधीश,

......... अञ्चलाधीशको कार्यालय,

.........

महोदय,

म नेपाली नागरिक भएकोले देहायको विवरण खोली रू. १।– को टिकट टाँसी सिफारिशसाथ यो आवेदनपत्र पेश गरेको छु । नागरिकताको प्रमाणपत्र पाउँ ।

मेरो जन्मस्थान ......<br>
जन्म तिथि ........<br>
स्थायी वासस्थान ......<br>
बाबुको नाम ........<br>
नागरिकता ..........

स्थायी वासस्थान ............ (नेपालको संविधानको धारा ७ (ख) र नेपाल नागरिकताको ऐन, २००९ को दफा २ ख. बमोजिम वंशजको नाताले नागरिक हुनेले भर्ने)

नेपालमा जन्मेको बाबु वा आमाको नाम ..........<br>
जन्म स्थान ........................<br>
स्थायी वासस्थान ......................

(नेपालको संविधानको धारा ७ (ग) र नेपाल नागरिकताको ऐन, २००९ को दफा ३ बमोजिम वैवाहिक सम्बन्धको नाताले नागरिक हुने महिलाले भर्ने)

पतिको नाम ..........<br>
नागरिकता ...........<br>
वासस्थान .............<br>
वैवाहिक सम्बन्ध भएको मिति ........

(जन्म वा वंशजको नाताले नेपालको नागरिक र अरू विदेशी मुलुकको नागरिक पनि साथसाथै भएको वा हुन सक्ने गैरनेपाली नागरिक बाबुबाट जन्मेको व्यक्तिले बाहेक अरूले तलको प्रकरण काट्ने)

अरू विदेशी मुलुकको प्रचलित कानूनले जन्म वा वंशजको नाताले म सो मुलुकको पनि नागरिक भएको वा हुन सक्ने भए पनि सो विदेशी मुलुकको नागरिकता मैले ग्रहण गरेको नहुँदा म नेपाली नागरिक भैरहन रोज्दछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो ब्यहोरा ठीक सांचो हो झूठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

भवदीय,

मिति.......... आवेदकको हस्ताक्षरको सही.......

औंठाको सही .........

नाम थर ............

वतन ..........

यसमा लेखिएको श्री ........... को छोरा । छोरी । पत्नी बर्ष.... को श्री .......... (आबेदक) लाई राम्ररी चिन्दछु ।उहाँ नेपालको संविधान र नेपाल नागरिकताको ऐन, २००९ बमोजिम जन्म सिद्ध । वंशज वा वैवाहिक सम्बन्धको नाताले वा नेपाल नागरिकता ऐन, २०२० बमोजिम वंशजको नाताले नेपालको नागरिक हुनुहुन्छ । ब्यहोरा सांचो हो झूठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति......... सिफारिश गर्नेको हस्ताक्षरको सही....

नाम थर ..........

पद ...............

कार्यालय ..........

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची--२

(नियम ३ को उप-नियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

.........अञ्चलाधीश कार्यालय,

(सदर मुकाम)

नेपाली नागरिकताको प्रमाणपत्र

नं ...

..........बस्ने श्री ..............को छोरा । छोरी । पत्नी ............मा जन्म भै ............मा स्थायी बसोवास गरी बस्ने वर्ष .... को श्री ............ नेपालको संविधान र नेपाल नागरिकताको ऐन, २००९ बमोजिम जन्मसिद्ध । वंशज वा वैवाहिक सम्बन्धको नाताले वा नेपाल नागरिकता ऐन, २०२० बमोजिम वंशजको नाताले नेपालको नागरिक हुनाले वा सोही ऐनको दफा ९ (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम म्यादभित्र नेपाली नागरिकता रोजेको हुँदा यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र पाउनेको हस्ताक्षरको सही

..........

प्रमाणपत्र पाउनेको फोटो

औंठाको छाप

| बायाँ | दायाँ |
| --- | --- |
| | |

दुबै कान देखिने पासपोर्ट साइजको

मिति..........

...............

प्रमाणपत्र दिने अधिकृतको दस्तखत

नाम थर ................

दर्जा ...................

टिप्पणीः— यसको पछाडि सिफारिश गर्नेको नाम पद खुलाउनु पर्छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -- ३

(नियम ४ को उप-नियम (१) संग सम्बन्धित)

श्री ... ... .... ..... ... ... ...
... ... .... .... ....

महोदय,

विदेश ... ... ... ... मा जन्मेको मेरो नाबालक छोरा । छोरी। (नाता खुलाउने) लाई नेपाल नागरिकता नियमावलीको नियम ४ बमोजिम नेपालको नागरिकतामा नाम दर्ता गराउन रु. १।– को टिकट टांसी वा । रु. १।– को नोट साथ राखी देहायका विवरण खोली नाबालकको जन्म भएको १ वर्ष भित्र यो आवेदनपत्र प्रस्तुत गरेको छु । नेपाली नागरिकतामा निज नाबालकको नाम रजिष्ट्रार गरी प्रमाणपत्र पाउं ।

१. नाबालकको नाम थर ... ... ... ... ...
जन्म तिथि ... ... ... ...
जन्म स्थान ... ... ... ... ... ...

२. नाबालकको बाबुको नाम ... ... ... ... ... ... ....
नागरिकता ... ... ... ... ... ... ...
स्थायी बसोवास.. .... ... ... ... .... ... ...

३. नाबालक जन्मेको समय आमा विदेशमा रहनाको कारण

४. आमाबाबु बाहेक अरूले आवेदन प्रस्तुत गरेकोमा सो गर्नु पर्ने कारण ... ... ... ... .... ...

यो बेहोरा सांचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउंला ।

मिति ... ... ... ... ...

भवदीय,

आवेदकको हस्ताक्षर ... ... ... .... ...
नाम थर ... ... ... ... ... .... ... ...
स्थायी वासस्थान... .... ... ... ...

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ४

( नियम ४ को उप-नियम (२) सित सम्बन्धित )

| क्रमसंख्या | दर्ता मिति | नाबालकको नाम थर | जन्मेको ठाउं साल महिना र मिति | जन्मेको ठाउं | नाबालकको बाबुको नाम | स्थायी बसोबासको ठेगाना | आवेदकको नाम थर वतन | दर्ता गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९०

अनुसूची—५

(नियम ४ को उप-नियम (२) सित सम्बन्धित)

प्रमाणपत्र दिने कार्यालयको नाम ..........

मुकाम ..........

नेपाली नागरिकमा नाम रजिष्टर भएको

प्रमाण-पत्र

........ मितिमा .............. ठाउंमा जन्मेको .........
बस्ने श्री ............ को छोरा । छोरी वर्ष .......... को नाबालक ......
.......... (नाम थर) लाई– नेपाल नागरिकता ऐन ,२०२० को दफा ४ बमोजिम नेपाली नागरिकमा नाम रजिष्टर गरी रजिष्ट्रेशनको यो प्रमाणपत्र दिइएको छ ।

रजिष्ट्रेशन गरेको मिति.......... ............... ....

प्रमाणपत्र दिने अधिकृतको दस्तखत

नाम थर ............

दर्जा ..............

टिप्पणी:– आवेदकको नाम, थर, वतन यस पछाडि उल्लेख गर्ने ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची — ६

( नियम ५ को उप-नियम (१) संग सम्बन्धित )

श्री ५ को सरकार,
मार्फत्
श्री अञ्चलाधीश,
............ अञ्चल ।

महोदय,

नेपालको अँगीकृत नागरिक भै बस्न मेरो इच्छा भएकोले नेपाल नागरिकता ऐन, २०२० को दफा ६ बमोजिम देहायको बेहोरा खुलाई रू. १।– को टिकट टाँसी यो आवेदनपत्र पेश गरेको छु ।

(१) मेरो जन्म ............ (मिति) मा ............ (स्थान) मा भएको हो ।

(२) मेरो बाबुको नाम ............ र बाजेको नाम ............ हो ।

(३) म ............ मिति देखि नेपाल अधिराज्यमा स्थायी रूपले बसोवास गरिआएको छु ।

(४) हाल मेरो स्थायी वासस्थान निम्नलिखित स्थानमा छ :–

(५) नेपाल अधिराज्यमा बसोवास गर्नु अघि मेरो बसोवास ............ मा थियो ।

(६) म नेपाली उत्पत्तिको व्यक्ति हुं । होइन ।

(७) नेपाली नागरिक सित वैवाहिक सम्बन्ध भएकोमा पति वा पत्निका नाम ... ......... र स्थायी बसोवास गरेकोस्थान ............ हो ।

(८) म............ को नागरिक भएकोमा सो नागरिकता त्यागेको वा त्याग्न सो देशको कानून बमोजिम कारबाही चलाएको रीतपूर्वकको सूचना यसै साथ संलग्न छ ।

(९) मैले नेपालको राष्ट्रभाषा लेख्न र बोल्न जानेको छु ।

(१०) म संग आफ्नो जीवन निर्वाह गर्ने निम्नलिखित साधन तथा योग्यता छ ।

साधन:–

योग्यता :–

हाल म निम्नलिखित व्यवसाय गरी बसेको छु ... .........

(११) मैले नैतिकपतन देखिने कुनै फौज्दारी मुद्दामा सजाय पाएको छैन । मेरो असल चाल-चलन बारे नेपाल अधिराज्यका ......... बस्ने श्री ............ ले लेखि दिनु भएको प्रमाणपत्र यसै साथ प्रस्तुत गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) विज्ञान, दर्शन, कला, साहित्य विश्वशान्ति वा मनुष्य मात्रको उन्नतिमा निम्न लेखिए अनुसार विशिष्ट योगदान गरेको छ :–

(क)

(ख)

(ग)

टिप्पणी :– ऐनका दफा ६(१) (ङ) मा उल्लिखित व्यक्तिले मात्र भर्ने।

यो बेहोरा सांचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउंला।

भवदीय,

मिति :-

आवेदकको हस्ताक्षरको सही

नाम, थर .. ... .... ... ... ... ....

---

यसमा लेखिएको श्री ...................... ( आवेदक) लाई म राम्ररी चिन्दछु। उपर्युक्त लेखिए बमोजिम निजको बेहोरा मैले जाने बुझेसम्म सांचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

मितिः–

सिफारिश गर्नेको हस्ताक्षरको सही ....

नाम, थर................

पद ... . ..............

कार्यालय ...............

---

जांचबुझको संक्षिप्त व्यहोरा

---

अंचलाधीशको मन्तव्य

---

मितिः–

कार्यालयको छाप

अञ्चलाधीशको दस्तखत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची — ७

नियम ५ को उप. नियम (३) संग सम्बन्धित )

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालय

नेपालको अङ्गीकृत नागरिताको प्रमाणपत्र

..........जन्म भै हाल नेपालको.................जिल्ला...........
.........गाउं पञ्चायत..................वार्ड।नगर पञ्चायत.........
वार्डमा स्थायी बसोवास गरी बस्ने श्री..............को नाति।नातिनी श्री ..........
..को छोरा।छोरी वर्ष ........... को श्री ..............(नाम थर) लाई
नेपाल नागरिकता ऐन, २०२० को दफा ६ बमोजिम श्री ५ को सरकारको ...........को
निर्णयानुसार नेपालको अङ्गीकृत नागरिकता प्रदान गरिएको हुनाले यो प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र पाउनेको हस्ताक्षरको सही — प्रमाणपत्र पाउनेको फोटो

औंठाको छाप

| बायां | दायां |
|---|---|
| | |

दुवै कान देखिने पासपोर्ट साइजको

मितिः– श्री ५ को सरकारको सचिव ।

टिप्पणीः– यसको पछाडि सिफारिश गर्नेको नाम, पद खुलाउनु पर्छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची--८

( नियम ६ को उप-नियम (१) संग सम्बन्धित )

श्री................

......................

महोदय,

निम्नलिखित व्यहोराले गर्दा मैले नेपालको नागरिकता परित्याग गर्न आवश्यक भएकोले सो परित्याग गरेको सूचना गरेको छु, तसर्थ यो सूचना दर्ता गरी दिन हुन अनुरोध गर्दछु ।

(१)
(२)
(३)

अरू विवरण :–

नेपालमा मेरो बसोवास भएको ठाउं ....................

बाबुको नाम .......................

बाजेको नाम...........................

मेरो उमेर.............................................

मेरो परिवार सदस्यका नाउ उमेर कहां बसेको नागरिकता इत्यादिको संक्षिप्त विवरण

नागरिकता परित्याग गर्नेको

| औंठाको छाप | | |
|---|---|---|
| बायाँ | दायाँ | |

नागरिकता परित्याग गर्नेको फोटो

दुवै कान देखिने पासपोर्ट साइजको

मिति........ ........................

नागरिकता परित्याग गर्नेको हस्ताक्षर

नाम थर ..................

हाल बसोवासको ठेगाना .........

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची—६
(नियम ६ को उप-नियम (२) सित सम्बन्धित)

| क्रम संख्या | दर्ता मिति | नागरिकता परित्याग गर्नेको नाम थर उमेर | हाल बसोवासको ठाउँ | नेपालमा बसोवासको ठाउँ | नेपाली नागरिकता परित्याग गर्नुपर्ने कारण | परिवारका सदस्यमध्ये नेपाली नागरिक भै बस्नेहरूको नाउँ ठेगाना | दर्ता गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

आज्ञाले—
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११९८